# सिद्धार्थनगर नगरपालिकाको नगरसभाको १८औं अधिवेशनबाट पारित भएका आर्थिक बर्ष २०८२/०८३ का निर्णयहरु :-

निर्णय नं. १ (एक)

सिद्धार्थनगर नगरपालिकाको नगरसभाको १८औं अधिवेशनमा नगर प्रमुख श्री इश्तियाक अहमद खाँबाट पेश भएको आर्थिक बर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. २ (दुई)

सिद्धार्थनगर नगरपालिकाको आर्थिक बर्ष २०८२/०८३ को लागि नगर उपप्रमुख श्री उमा अधिकारीबाट नगरसभाको १८औं अधिवेशनमा पेश भएको वार्षिक बजेट तथा कार्यक्रम सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ (तिन)

सिद्धार्थनगर नगरपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक, २०८२ सिद्धार्थनगर नगरपालिकाको विनियोजन विधेयक, २०८२ र बजेट सँग सम्बन्धित प्रस्तावहरु स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ (चार)

आर्थिक बर्ष २०८१/०८२ मा सिद्धार्थनगर नगरपालिकाबाट संचालन गरिएका सम्पूर्ण योजना तथा कार्यक्रमहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ (पाँच)

समपुरक अनुदान विशेष अंनुदान तथा अन्य अनुदानबाट प्राप्त हुने कार्यक्रम संघ तथा प्रदेशमा माग गर्ने र छनौट भएका कार्यक्रम संशोधन गर्नुपर्ने भएमा संशोधन गर्ने, कुनै थप कार्यक्रम स्वीकृत गर्नुपरेमा स्वीकृत गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो । साथै नगर कार्यपालिकाबाट गरिएको बजेट रकमान्तरलाइ अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ (छ)

सिद्धार्थनगर नगरपालिकाको करार सेवामा विगत देखि कार्यरत कर्मचारीहरुको आवश्यकता अनुसार आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि पुनः करार सेवामा म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ (सात)

सिद्धार्थनगर नगरपालिका कार्यालयमा कार्यरत कर्मचारीहरुको नियमानुसार आर्थिक बर्ष २०८२/०८३ को तलवी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ (आठ)

सिद्धार्थनगर नगरपालिकाको लेखा समितिका अध्यक्ष श्री छेदीलाल श्रीवास्तवद्वारा आर्थिक बर्ष २०८१/०८२ को प्रस्तुत लेखा समितिको प्रतिवेदन नगर सभामा पेश भई अनुमोदन गरियो।

निर्णय नं. ९ (नौ)

न्यायिक समितिका संयोजक उपप्रमुख श्री उमा अधिकारीद्वारा आर्थिक बर्ष २०८१/८२ को प्रस्तुत न्यायिक समितिको प्रतिवेदन नगर सभामा पेश भई अनुमोदन गरियो ।

निर्णय नं. १० (दस)

आर्थिक बर्ष २०८०/०८१ मा महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षणको प्रतिवेदन वमोजिम असुल गर्नुपर्ने बेरुजु रकम असुल गर्ने र नियमित गर्नुपर्ने भनी पेश भएका सबै अनियमित बेरुजु नियमित गर्ने निर्णय गरियो र आगामी दिनमा पुनः त्यस्तै प्रकृतिका वित्तिय कारोबारहरुमा नियम संगत हुने गरी कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ (एघार)

कर्मचारीहरूको सेवाको निरन्तरता, स्थायित्वका लागि क्षमता विकास, तालिम लगायतका क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्नका लागि आवश्यक व्यवस्था मिलाइएको छ । राष्ट्रसेवक कर्मचारीहरुलाई उच्च मनोवल कायम गरी काम गर्ने वातावरण सृजना गर्न नगरपालिकाको स्वीकृत दरवन्दिमा कार्यरत कर्मचारीहरुको लागि गत आर्थिक बर्षमा जस्तै कार्य सम्पादनमा आधारित २० प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १२ (बाह्र)

आर्थिक बर्ष २०८१/०८२ मा विभिन्न सामाजिक संघ संस्थाहरु, व्यक्तिहरुलाई नगरपालिकाबाट दिईएको आर्थिक सहयोग, अनुदान अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ (तेह्र)

सिद्धार्थनगर नगरपालिकाको कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२, सिद्धार्थनगर नगरपालिकाको निर्माण व्यवसाय ऐन, २०७४ लाई प्रथम संशोधन गर्न बनेको बिधेयक २०८२, सिद्धार्थनगर नगरपालिकामा प्राविधिक कर्मचारी करारमा व्यवस्थापन गर्ने ऐन, २०८१ लाई प्रथम संशोधन गर्न बनेको बिधेयक २०८२ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ (चौध)

आर्थिक बर्ष २०८१/०८२ मा नगर कार्यपालिकाको बैठकबाट आजको मिति सम्म भएका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १५ (पन्ध्र)

विविधः

१. आर्थिक बर्ष २०८०/८१ मा सञ्चालन भइ सम्पन्न हुन नसकेका योजनाहरु आ.ब. २०८१/८२ मा क्रमागतका रुपमा सारी नगर कार्यपालिकाबाट थप भएको म्यादिभत्र सम्पन्न गराइ भुक्तानी दिने निर्णय गरियो ।

नगरसभाको १८औं अधिवेशन मिति २०८२/०३/२६ रोज बिहिवार समापन भयो ।